# *देवकुमारी थापाका कथाहरू* सङ्ग्रहका कथामा मनोविज्ञान

**ज्ञानु अधिकारी**
पद्मकन्या बहुमुखी क्याम्पस, त्रिवि
shabdaga@gmail.com

**Received Date:** March 10, 2024; **Reviewed Date:** May 11, 2024;
**Accepted Date:** August 21, 2024

## लेखसार

*देवकुमारी थापाका कथाहरू सङ्ग्रहका कथामा मनोविज्ञान शीर्षकको प्रस्तुत आलेख गुणात्मक पद्धतिमा आधारित भएकाले पुस्तकालय कार्यबाट सामग्रीसङ्कलन गरी तयार गरिएको छ र यसका लागि मूलतः अल्फ्रेड एडलरद्वारा प्रतिपादित व्यावहारिक मनोविज्ञान र कार्ल गुस्ताभ युङका व्यक्तित्वका प्रकारजस्ता मान्यताका आधारमा नारीमनोविज्ञान, पुरुषमनोविज्ञान तथा बालमनोविज्ञानलाई र र अंशतः सिग्मन्ड फ्रायडको यौनमनोविज्ञानलाई अवधारणा बनाएर 'देवकुमारी थापाका कथाहरू' कथासङ्ग्रहका कथामा अभिव्यञ्जित मनोविश्लेषणका उपर्युक्त अवधारणाहरूका केन्द्रीयतामा चयनित एघारओटा कथाहरूको पाठविश्लेषण गरिएको छ। देवकुमारी थापाका कथाहरू कथासङ्ग्रहका कथाहरूमा अभिव्यक्त मनोविज्ञानका विशिष्ट पक्षको खोजी गर्नु यस अध्ययनको उद्देश्य हो। यसक्रममा वर्णनात्मक र पाठविश्लेषण विधिको प्रयोग गरी उनका कथामा विषयवस्तुको सूक्ष्मता भएकाले मानवीय संवेदना र मनोविज्ञान नै प्रमुख बनेर आएको हुँदा नारीमनोविज्ञानको विशिष्ट चित्रण भएको, पुरुषपात्रका आचरण, व्यवहार र तिनका अभिव्यक्तिहरूबाट नै तिनका मनको अवस्था र मनोगत पक्षहरू अभिव्यक्त भएको र घरका अभिभावक र आफूभन्दा ठूलामान्छेले गर्ने व्यवहार एवं उनीहरूका गतिविधिहरूले बालमनोविज्ञानका विविध पक्षमा प्रभाव पार्नेभएकाले प्रत्येक अभिभावकले बालबालिकाको मनोविज्ञान बुझ्नुपर्ने र उनीहरूको संवेदना र प्रतिभाको पहिचान गरी तदनुरूपको वातावरण मिलाइदिनुपर्ने निष्कर्ष निकालिएको छ। यसरी मनोविज्ञानका कोणबाट 'देवकुमारी थापाका कथा' भित्रका कथाहरू प्रभावपूर्ण रहेको समग्र निचोड पनि यस अध्ययनबाट प्राप्त हुन्छ।*

**शब्दकुञ्जी :** अचेतन, अवचेतन, नारीमनोविज्ञान, पुरुषमनोविज्ञान, बालमनोविज्ञान, मनोलैङ्गिक विकास, मूलप्रवृत्ति ।

## विषयपरिचय

देवकुमारी थापा (१९८४-२०६८) नेपाली साहित्यको मनोवैज्ञानिक यथार्थवादी धारा र प्रवृत्तिकी कथाकार हुन्। सर्वप्रथम २००३ सालमा 'पतन' शीर्षकको कथा प्रकाशित गरी नेपाली कथालेखनको यात्रा प्रारम्भ गरेकी थापा आधुनिक नेपाली कथाको पहिलो चरणबाट सक्रिय कथाकार हुन्। आधुनिक नेपाली कथाको सामाजिक यथार्थवादी धारा र मनोवैज्ञानिक धाराका कथालेखनमा उनको उपस्थिति उल्लेखनीय देखिन्छ। उनका हालसम्म *एकादशी* (२०११), *झझल्को* (२०१२), *सेतो बिरालो* (२०१९), *टपरी* (२०२७), *भोक र तृप्ति*(२०४१), *देवकुमारी थापाका प्रतिनिधि कथा* (२०५१) लगायतका आधादर्जन कथासङ्ग्रह प्रकाशित छन्। यी कथासङ्ग्रहलाई नै संयोजन गरी हाल *देवकुमारी थापाका कथाहरू* (२०७९) शीर्षकमा प्रकाशित भएको छ। प्रमोद प्रधानद्वारा सम्पादित यस कृतिमा देवकुमारी थापाका

पचहत्तरओटा कथा समेटिएका छन् । यहाँ *देवकुमारी थापाका कथाहरू* शीर्षकको प्रस्तुत कथासङ्ग्रहका कथामध्ये सोद्देश्य नमुना छनोट विधिद्वारा नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानको सघन प्रयोग भएका एघारओटा कथालाई यिनै मनोविज्ञानका कोणबाट अध्ययन गरिएको छ । प्रस्तुत आलेखमा यस कथासङ्ग्रहका कथाहरूमा प्रयुक्त मनोविज्ञानका विविध पक्षहरूको विश्लेषण गर्ने क्रममा कथाका विविध पात्रका मनोवैज्ञानिक चरित्रलाई आधार बनाइएको छ । मनोविज्ञान सिद्धान्तले नारी, पुरुष र बालबालिकाको मनाविज्ञानमा भिन्नता हुन्छ भन्ने मान्यता राख्छ । यहाँ मनोविज्ञान सिद्धान्तका प्रणेतामध्येका अल्फ्रेड एडलरले प्रस्तुत गरेका वैयक्तिक मनोविज्ञानसम्बन्धी मान्यता र कार्ल गुस्ताभ युङका व्यक्तित्वका प्रकारलाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरी यसैबाट नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानलाई मूल अवधारणा बनाई यसकै परिधिमा रहेर यस कृतिका कथामा प्रयुक्त पात्र र तिनका चरित्रलाई उपर्युक्त मनोविज्ञानका आधारमा पाठगत तथ्यहरूको विश्लेषण गरिएको छ । *देवकुमारी थापाका कथाहरू*मा सङ्गृहीत कथाहरूमा अभिव्यक्त नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानको खोजी यस अध्ययनको मूल समस्या हो भने यिनै आधारमा चयनित कथाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । देवकुमारी थापाका कथाहरूलाई अन्य विविध कोणबाट विश्लेषण गरिएको भए पनि एडलरले प्रस्तुत गरेका वैयक्तिक मनोविज्ञानअन्तर्गगतका नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानलाई आधार बनाएर अध्ययन नभएकाले सो रिक्तताको पूर्तिका लागि यो अध्ययन गरिएको हुनाले यसको औचित्य, महत्त्व र उपयोगिता देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले यो आलेख तयार गर्ने क्रममा पुस्तकालय कार्यबाट सामग्रीसङ्कलन गरिएको छ । यहाँ *देवकुमारी थापाका कथाहरू* कृतिलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने यससम्बन्धी अध्ययन भएका सामग्री र अन्य सैद्धान्तिक र प्रायोगिक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ । तथ्य वा साक्ष्यहरूको पुष्टिका लागि मनोवैज्ञानिक पद्धतिमा आधारित भई वर्णनात्मक तथा व्याख्या-विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । यसरी विश्लेषण गर्ने क्रममा अल्फ्रेड एडलरले प्रस्तुत गरेका वैयक्तिक मनोविज्ञान र कार्ल गुस्ताभ युङका व्यक्तित्वका प्रकारका नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानसम्बन्धी अवधारणात्मक ढाँचालाई आधार बनाई पाठविश्लेषण विधिको उपयोग गरेर यो आलेख तयार गरिएको छ ।

## सैद्धान्तिक आधार

मनोविज्ञान भन्नाले जीवनका विभिन्न परिस्थितिहरूमा प्राणीहरूको प्रतिक्रियाहरूको अध्ययन गर्ने शास्त्र भन्ने बुझिन्छ भने मनोविज्ञानको सैद्धान्तिक अवधारणालाई नै साहित्यमा मनोविश्लेषण सिद्धान्त भनिन्छ । मनोविश्लेषण सिद्धान्तको प्रतिपादन सिग्मन्ड फ्रायडले गरेका हुन् । उनका अनुसार मनका गतिविधिहरूको र मनका गतिविधिबाट निर्मित घटनाहरूको

अध्ययन गर्ने विज्ञान नै मनोविज्ञान हो र यसक्रममा कामवृत्ति नै मूल मानवीय प्रवृत्ति भएकाले त्यही नै कलाको प्रच्छन्न अप्रच्छन्न मूल प्रेरक हो भन्ने फ्रायडको राय छ । (त्रिपाठी, २०४९, पृ. १७३ र १८१) । 'एडलरले वैयक्तिक मनोविज्ञानमा केही प्रमुख सम्प्रत्ययहरूको उपयोग गरेका छन् । तिनमा हीनत्वको भावना (आङ्गिक सामाजिक), क्षतिपूर्ति, श्रेष्ठताको सिद्धान्त, जीवनशैली प्रमुख छन् । यीबाहेक उनको कल्पित नियतिवाद, सर्जनात्मक शक्ति, आक्रामक प्रेरणा पनि उल्लेखनीय छन् । (घर्ती, २०६७, पृ. ३४) । एडलरको मनोवैज्ञानिक सिद्धान्त मानव मनका विविध पक्षसँग सम्बन्धित देखिन्छ । मानव मनका विभिन्न तह र त्यसभित्रको सूक्ष्म पक्षहरूलाई यस सिद्धान्तले व्याख्या विश्लेषण गर्दछ । एडलरले प्रतिपादन गरेको वैयक्तिक मनोविज्ञानभित्र मनोविज्ञानका धेरै पक्षहरू पर्दछन् । मान्छेले मुख्य रूपमा सामाजिक, आर्थिक र लैङ्गिक प्रतिष्ठाको प्रयास गर्छ । सामाजिक प्रतिष्ठाका लागि अर्थोपार्जन गर्ने प्रयास गर्छ । मान्छे अरूलाई प्रेम गर्न र आफू अरूबाट प्रेम पाउने इच्छा गर्छ, यसैलाई लैङ्गिक प्रतिष्ठाको प्रयास भन्न सकिन्छ (ब्राउन, सन् १९४०, उद्धृत, घर्ती, २०६७, पृ. ३६) । व्यक्तिको रुचिमा मात्र भिन्नता नभई मानसिक क्रियाको प्रकारमा पनि भिन्नता हुन्छ । यस्ता प्रमुख मानसिक क्रियाहरू विचार, भाव, संवेदन र अन्तर्ज्ञान गरी चार प्रकारका हुन्छन् । यी मानसिक कार्यहरू बहिर्मुखी तथा अन्तर्मुखी दुवै व्यक्तित्वका हुन्छन् । विचारले अर्थ र अवबोध दिन्छ, भावले नापजोख गर्छ र मूल्य दिन्छ, संवेदन इन्द्रियबोध हो, अन्तर्ज्ञानले सम्भावनाहरू बताउँछ र परिवेशको सन्देश दिन्छ (घर्ती, २०६७, पृ. ४०) । साहित्यमा भने यिनै आधारमा साहित्यिक कृतिमा प्रयुक्त पात्रहरूको मनलाई नै केन्द्र बनाएर अध्ययन गरिन्छ । आख्यानका क्षेत्रका पात्रगत नाना प्रयोगहरू मनोवैज्ञानिक जानको छ (भण्डारी, २०५८, पृ. ३०) । यिनै आधारमा पनि मान्छेका मनको अध्ययन हुन्छ । मनोविज्ञानका धेरै प्रकारहरू छन् तापनि नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानलाई प्रमुख प्रकार मानिन्छ । नारीभित्रका मनोविज्ञानका विविध पक्षको विश्लेषण गर्ने सिद्धान्तलाई नारीमनोविज्ञान भनिन्छ । नारी र पुरुषका मनोरचनामा नै भिन्नता हुनेभएकाले यी दुईका मनोविज्ञानमा पनि भिन्नता हुन्छ । पुरुषभित्रका मनोविज्ञानका विविध पक्षको विश्लेषण गर्ने सिद्धान्तलाई पुरुषमनोविज्ञान भनिन्छ । त्यसरी नै बालबालिकाका मनोविज्ञानका विविध पक्षको विश्लेषण गर्ने सिद्धान्तलाई बालमनोविज्ञान भनिन्छ । मनोविज्ञानका यी सिद्धान्तहरू साहित्यिक कृतिको विश्लेषणका लागि महत्त्वपूर्ण मानिन्छन् । प्रस्तुत अध्ययनमा अल्फ्रेड एडलरको मनोवैज्ञानिक सिद्धान्त र कार्ल गुस्ताभ युङका व्यक्तित्वका प्रकारलाई आधार बनाई अवधारणा निर्माण गरिएको छ ।

## विमर्श र परिणाम

*देवकुमारी थापाका कथाहरू* शीर्षकको प्रस्तुत कथासङ्ग्रहमा समेटिएका कथाहरूमध्ये अधिकांश कथामा मनोविज्ञानको प्रयोग छ । मनोविज्ञानसँग सम्बद्ध यस्ता कथाहरूको अध्ययन तथा विश्लेषण गर्नका लागि अल्फ्रेड एडलरको मनोवैज्ञानिक सिद्धान्त र कार्ल गुस्ताभ युङका व्यक्तित्वका प्रकारसम्बन्धी सिद्धान्तलाई आधार बनाई अवधारणा निर्माण गरेर निष्कर्षसम्म पुग्ने प्रयास गरिएको छ । मान्छेको जैविक संरचनाका साथै सामाजिक तथा सांस्कृतिक मूल्य

र मान्यताले गर्दा पनि पुरुष र नारीका सोच, क्रियाकलाप नै पृथक् हुन्छन् र यसले नारी र पुरुषको मनोविज्ञानको स्वरूपलाई उजागर गर्छ। नेपाली कथाका क्षेत्रमा देवकुमारी थापा मनोविश्लेषणात्मक प्रवृत्तिका कथा लेख्ने कथाकार हुन् र उनले मूलतः नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानमा आधारित कथा लेखेकी छन् (गौतम र अधिकारी, २०६९, पृ. २१७)। प्रस्तुत कृतिमा समाविष्ट कथाहरूमध्ये मनोविज्ञानमा आधारित यस्ता कथाहरूमा कतै मनोविज्ञान मूल विषय बनेर आएको छ भने कतै सहायक सन्दर्भ बनेर आएको छ। कथामा प्रयुक्त मनोविज्ञानको विषय र प्रस्तुतिका आधारमा हेर्दा यहाँ तीनप्रकारका पात्रको मनोविज्ञानको प्रयोग भएको देखिन्छ। नारीमनोविज्ञान, पुरुषमनोविज्ञान र बालमनोविज्ञानका विविध पक्षहरूको यथार्थ चित्रण गरिएका यस सङ्ग्रहका कथाहरूलाई यी तीन किसिमका पात्र वा चरित्रका केन्द्रीयतामा अध्ययन गरिन्छ।

## नारीमनोविज्ञान

नेपाली कथासाहित्यमा मनोविज्ञानमा केन्द्रित भएर कथा लेख्ने कथाकारहरूमध्ये देवकुमारी थापा पनि एक हुन्। उनका कथामा प्रयोग हुने विषयवस्तु स्थूल नभई सूक्ष्म हुन्छ। यस्ता सूक्ष्म विषयवस्तुमा लेखिएका कथाहरूमा मानवीय संवेदना र मनोविज्ञान नै प्रमुख बनेर आएका छन्। नारीमनोविज्ञान उनको कथामा पाइने प्रमुख विषय हो। यस सङ्ग्रहका कथामा पनि नारीमनोविज्ञानको प्रयोग प्रशस्त रूपमा भएको छ। प्रस्तुत कृतिमा समावेश भएका कथामा प्रयुक्त नारीमनोविज्ञानलाई यहाँ केही साक्ष्यहरूका माध्यमबाट विश्लेषण गरिएको छ। नारीमनोविज्ञानका सन्दर्भहरू कथामा निकै सूक्ष्मरूपमा आएका र तिनले नारीपात्रका मनस्थितिको मात्र चित्रण नगरी तत्कालीन समय र समाजको यथार्थलाई पनि देखाएका छन्। यस्तै किसिमको नारीमनोविज्ञानको सन्दर्भ प्रस्तुत कथाको एउटा साक्ष्य यसप्रकार छ :

> मैले कति जतनसँग राखेकी थिएँ, कारण यो मेरो माइतीको दाइजो पनि होइन औ ससुरालीको पेवा पनि होइन। तर मेरो आफ्नो कमाइले किनेको हो। मलाई घमन्ड लाग्छ यो जुत्ता देख्दा। अनि छोरी बढेर आठ-नौ वर्षकी हुँदा म यो जुत्ता उसलाई दिन्छु र भन्छु, "यो मेरो आफ्नो कमाइ हो। - ('मेरो आफ्नै', पृ.११ )।

प्रस्तुत साक्ष्यमा एउटी नारीको मनोविज्ञान प्रस्तुत भएको छ। नारीहरूको आफ्नै कमाइ नहुँदा र उनीहरू पुरुषहरूमा नै आश्रित हुनुपर्दा उनीहरूमा हीनताबोध आउने कुरा र आफैँले आर्जित गरेपछि भने उच्चताबोध जागृत भएको कुरा यस साक्ष्यले देखाइएको छ। आफूले जतनसँग राखेको जुत्ताप्रति गर्वबोध गरिएको यस साक्ष्यमा आफ्नै कमाइमा किनेर ल्याएको वस्तुप्रति नारीपात्रको मनमा माया जागेको र आफूप्रति आत्मविश्वास बढेको कुरा यहाँ प्रकट भएको छ। जीवनमा कैयौँ जुत्ताहरू किनेर लगाए पनि आफ्नै कमाइले किनेको जुत्ताजस्तो प्यारो नभएको सन्दर्भ देखाइएको यस कथांशमा त्यो जुत्ता छोरी ठूली भएपछि यो मेरो कमाइले किनेको जुत्ता हो भनेर लगाइदिने चाहना राखेको सन्दर्भले एउटी स्वाभिमानी नारीको मनोविज्ञानलाई प्रस्तुत गरेको छ। प्रस्तुत साक्ष्यमा नारीमनोविज्ञानको मात्र प्रयोग नभई

मनोविज्ञानको माध्यमबाट नारी अस्तित्वचेतनाको समेत प्रयोग भएको देखिन्छ। यस्तै नारीमनोविज्ञान प्रस्तुत गरिएको अर्को कथाको अंश यसप्रकार छ :

> उनलाई तर्साउन भनेर नारायण लुकेका छन् कि भन्ने लाग्यो । यसो हेर्दा उनको दृष्टि सँघारमा खसेका दुईतीनवटा सुकेका पात र बैँसका रुखका सिन्कामाथि पऱ्यो । हावाले उडाएर ल्याएका ती सिन्काहरू ढोकामा ठोकिएर पछारिँदा शब्द भयो होला भन्ने पनि लाग्यो । बिस्तारै निहुरेर बैँसका ती पात र सिन्कालाई टिपिन् र हत्केलामा राखेर हेरिरहिन् । एक्कासि ती निष्प्राण कसिङ्गरलाई ओठले छोएर छातीमा टाँसेर उभिइरहिन् । केही बेरपछि उनले शान्ति अनुभव गरिन् । उनको हृदयमा बडो सुन्दर भाव उत्पन्न भयो र लामो निश्वास छोडेर उनी ओछ्यानमा पल्टिन् । पल्टिनासाथ उनी निदाइहालिन् । - ('झझल्को', पृ.५८) ।

प्रस्तुत साक्ष्यमा नारीमनस्थितिको चित्रण गरिएको छ । धेरै समयदेखि बेपत्ता भएको आफ्नो श्रीमान्को प्रतीक्षामा बसेकी एक नारीले श्रीमान्को झझल्कोलाई र झझल्कोसँगै आएको कसिङ्गरलाई प्रतीकात्मक रूपमा आफ्नो श्रीमान्कै उपस्थिति र साथ मानेर सन्तुष्ट भएको सन्दर्भलाई यहाँ प्रस्तुत गरिएको छ । यसबाट नारीको अचेतन मनमा सुषुप्त अवस्थामा रहेको यौनेच्छा प्रकट भएको देखिन्छ भने त्यसको प्राप्तिको कल्पनाले मात्रै पनि उसले प्राप्त गरेको सन्तुष्टिले नारीमनको अवस्थालाई देखाएको छ । यसरी मनमा उत्पन्न भएका संवेगहरूलाई नारीहरूले कसरी व्यवस्थापन गर्छन् भन्ने कुरा पनि यस साक्ष्यमा देखाइएको छ। यस्तै नारीमनोविज्ञान प्रस्तुत भएको अर्को एउटा साक्ष्य यसप्रकार छ :

> त्यो रात श्याम निकै बेर छटपटाइरह्यो, सुत्न सकेन । रूपा सुसंस्कृत आधुनिक विचारकी विशाल हृदय भएकी नारी भनेको त उनमा पनि चिरकालदेखिको क्षुद्र मनोवृत्ति लुकेकै रहेछ। अरुको डाह गर्नु नै आफूलाई हीन मान्नु हो भन्ने कुरा बिर्सिइन् यिनले । छिः उनको सिद्धान्त त समुद्रको फीँजजस्तो मात्र रहेछ । खै गहिराई उनको शिक्षित हृदयमा । श्यामा ? बहिनी श्यामा त हाम्रो आदर्शमा जन्मेर हुर्केकी देवी हो देवी । - ('फीँज',पृ. १५०)

प्रस्तुत साक्ष्यमा कथाको समाख्याताका माध्यमबाट नारीमनोविज्ञानको चित्रण गरिएको छ । आफ्नी श्रीमती रूपालाई सुसंस्कृत आधुनिक विचार भएकी र विशाल हृदय भएकी नारी सम्झिएको श्यामले जब उनीभित्र पनि शङ्कालु र ईर्ष्यालु स्वभाव देख्छ अनि उसलाई चिरकालदेखिको क्षुद्र मनोवृत्ति लुकेकोजस्तो लाग्छ । यसरी आफ्नो लोग्ने अरू केटीमान्छेसँग नजिक भएको मन नपर्नु, आफ्नै नन्दलाई पनि शङ्काको नजरले हेर्नु, लोग्नेले आफूलाई मात्र हेरोस् र अरूलाई वास्ता नगरोस् भन्ने चाहनु र त्यस्तै किसिमको व्यवहार देखाउनुजस्ता कथामा व्यक्त भएका सन्दर्भहरूले नारीमनोविज्ञानलाई प्रस्तुत गरेका छन्। यस्तै नारीमनोविज्ञानको सन्दर्भ आएको कथाको अर्को साक्ष्य यसप्रकार छ :

मैले लबरीको अनुहार हेरिरहें । जीवनको तीतो अनुभवले उसको मुख उग्र भइसकेको छ । रिसाउँदा आँखा रामभेडाजस्ता राता हुन्छन् । उसको उमेर तीसबत्तीसको हुँदो हो । उसका कामना वासना सबै मरिसके । दुर्मुखा भए पनि व्यभिचारिणी छैन लबरी, त्यसकारण सारा टोलसँग बाझेर, कराएर, लापा खेलेर आफ्नो सच्चरित्रको प्रमाण दिनुपर्छ उसले । तैपनि उसको तिर्खा मेटिँदैन । जति हरहर तिर्खाउँछ, उति चिच्याएर, कराएर बाझेर शीतल हुन खोज्छे । तर त्यो तिर्खाले उसलाई मार्न आँटेको छ भनेर बुझ्ने शक्ति उसले कहाँबाट पाओस् ? उसका साथीभाइले पनि बुझिदिँदैनन् र ऊ झन् उग्र हुँदैजाँदै छ , कुत्सित हुँदैजादैँ छ । सोक्माजस्तो धनेसमेत ऊदेखि टाढिन्छ । मैले लबरीलाई नियाँलेर हेरें । सारा टोललाई थर्काउने लबरी आफैँमा कति निर्धी छ । - ('तिर्खा,' पृ.९०) ।

प्रस्तुत कथांशमा लबरी नामकी नारीपात्रको मनोविज्ञान प्रस्तुत गरिएको छ । जीवनमा घटेका अनेकौं प्रतिकूल घटनाहरूले तीसबत्तीस वर्षकी लबरीको स्वभाव र गतिविधिको चित्रण गरिएको यस कथांशमा लबरीको मनोविज्ञान पनि सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । रिसाउँदा आँखा रामभेडाजस्ता राता हुने लबरीका कामना वासना सबै मरिसकेको बताइएको माथिको साक्ष्यमा ऊ आफू दुर्मुखा भए पनि व्यभिचारिणी छैन भन्ने साबित गर्न सारा टोलसँग बाझेर, कराएर, लापा खेलेर आफ्नो सच्चरित्रको प्रमाण दिने गरेको बताइएको छ । यसबाट के प्रस्ट हुन्छ भने समाजले लाउने सारा आरोपहरू लबरी खेप्न सक्छे तर ऊ आफ्नो चरित्रमाथि औंला उठाएको मन पराउँदिन र ऊभित्र आफूलाई चरित्रवान् नारी साबित गर्ने मनोविज्ञान रहेको छ । लबरीभित्र इच्छा र चाहना जति हरहर भएर तिर्खाउँछ, उति नै ऊ सबैका सामु चिच्याएर, कराएर बाझेर शीतल हुन खोज्ने सन्दर्भले लबरीले आफ्ना मनभित्रका दमित इच्छा-आकाङ्क्षालाई दबाउन खोज्छे त्यति नै त्यो इच्छाले उसलाई मार्न आँटेको छ भनेर बुझ्ने शक्ति उसमा नभएको र ऊ झन्झन् दुर्मुखा हुँदैगएको मनको अवस्थालाई यहाँ देखाइएको छ । उसको यस्तो मानसिक अवस्थालाई साथीभाइले नबुझिदिँदा ऊ झन् उग्र हुँदैगएको र कुत्सित हुँदैगएको सन्दर्भ माथिको साक्ष्यमा व्यक्त भएको छ । लबरीले आन्तरिक कुरालाई लुकाएर बाहिर देखाएको रुखो स्वभावबाट सोक्मा र धनेसमेत ऊदेखि टाढिएको सन्दर्भलाई प्रस्तुत गर्दै बाहिरबाट सारा टोललाई थर्काउने लबरी आफैँमा निर्धी भएको यथार्थलाई देखाइएको छ । यसरी लबरीले लुकाएर राख्ने प्रयास गरेको मनको अवस्थालाई देखाइएको हुनाले यहाँ नारीमनोविज्ञानको प्रयोग प्रभावकारी रूपमा भएको छ ।

## पुरुषमनोविज्ञान

मनोविज्ञानमा आधारित कथाहरूमा प्रायः कथानक झिनो हुन्छन् यस्ता कथा चरित्रकेन्द्री हुन्छन् । देवकुमारी थापाका अधिकांश कथाहरू पनि प्रायः चरित्रकेन्द्री नै देखिन्छन् । पुरुषलाई प्रमुख पात्र बनाएर लेखिएका कथाहरूमा पुरुषमनोविज्ञान पाइन्छ र पुरुषपात्रका आचरण, व्यवहार र तिनका अभिव्यक्तिहरूबाट नै तिनका मनको अवस्था र मनोगत पक्षहरू उजागर हुनेभएकाले तिनै मनोगत पक्षका आधारमा पुरुषपात्रको मनोविश्लेषण गर्न उपयुक्त हुन्छ ।

पुरुषको मनोविश्लेषणका लागि चयन गरिएका यस सङ्ग्रहका कथाहरूमा पनि मनोविज्ञानलाई नै मुख्य विषय बनाएर लेखिएको नभई, विभिन्न सन्दर्भमा अभिव्यक्त भएको पुरुषपात्रको अभिव्यक्ति र गतिविधिका आधारमा यस कृतिका केही कथाको मनोविश्लेषणत्मक अध्ययन गरिएको छ । यसका लागि पुरुषमनोविज्ञानका सन्दर्भहरूलाई प्रस्तुत गर्नु वाञ्छनीय हुन्छ । यस्तै सन्दर्भ आएका कथाका केही साक्ष्यहरूलाई यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिन्छ :

> छोरोलाई यसो हेर्छु, मनभित्रबाट माया लागेर आउँछ, जन्मजन्मान्तरदेखि योसँग मेरो घनिष्ट सम्बन्ध भएजस्तो गरी । सन्तान-स्नेह भनेको यस्तो हुँदोरहेछ बल्ल अनुभव गरेँ । छोरोको कलिलो हातमा म्वाइँ खाँदा हृदयमा एकप्रकारको तृप्ति अनुभव गर्छु, हर्ष र स्नेहले म विह्वल हुन्छु । होइन, म मेरो छोरोलाई आफूजस्तो मजदुर कदापि हुन दिन्नँ । आधा पेट खाएर पनि म दश किलाससम्म पढाउँछु । - ('परलोक भ्रमण', पृ.१)

प्रस्तुत साक्ष्यमा एउटा नवजात शिशुको बाबुका रूपमा पुरुषमनोविज्ञान प्रस्तुत गरिएको छ । बच्चाको बाबु बनेपछि एउटा पुरुषका मनमा आउने भाव वा उसको मनस्थितिको चित्रण गरिएको यस साक्ष्यमा सन्तान-स्नेह कस्तो हुँदोरहेछ भन्ने कुरा पहिलोपटक अनुभूत गरेको पुरुषको मनोविज्ञान प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । छोरालाई देख्नेबित्तिकै मनभित्रबाट माया लागेर आउनु, जन्म-जन्मान्तरदेखि छोरोसँग आफ्नो घनिष्ट सम्बन्ध भएजस्तो लाग्नु, सन्तान-स्नेह भनेको यस्तो हुँदोरहेछ भन्ने अनुभव गर्नु, छोरोको कलिलो हातमा म्वाइँ खाँदा हृदयमा एकप्रकारको तृप्तिको आभास हुनु अनि हर्ष र स्नेहले म विह्वल हुनुजस्ता अभिव्यक्तिले म पात्रको मनोविज्ञानलाई अभिव्यक्त गरेको छ । साथै उसले आफ्नो छोरालाई आफूजस्तो मजदुर कदापि हुन नदिने र आधा पेट खाएर पनि दश किलाससम्म पढाउने निर्णय लिएको सन्दर्भबाट पनि यहाँ पुरुषमनोविज्ञानलाई देखाइएको छ । सन्तानका लागि सोच्नु, उसको भविष्यप्रति उत्तरदायी हुनुपर्छ भन्ने कुरामा दृढ देखिनु पुरुषको जिम्मेवारी हो र यसैमा केन्द्रित पुरुषमनोविज्ञान यहाँ प्रस्तुत भएको छ । यस्तै सन्दर्भ आएको अर्को साक्ष्य यसप्रकार छ :

> मलाई देखेर सबैले शुभकामना भने, उनले पनि सरल र स्वाभाविक स्वरमा भनिन्, "परीक्षा असल होस् भन्ने शुभकामना ।" यति भनेर उनी हिँडिहालिन् तर मेरो हृदयमा भने हुरी चलाएर गइन् । परीक्षाको कोठामा पनि म घरीघरी उनको शुभकामना दोहोऱ्याउन थालेँ । परीक्षापत्रमा के लेखेँ थाहा भएन । आफू त्यस्तो सिल्ली रहेछु भनेर पनि त्यही दिन थाहा पाएँ । एउटी रूपवती स्वास्नीमान्छेको शुभकामनाले नै मलाई त्यस्तो हुन्छ भने उनीसँग घनिष्ठ सम्बन्ध भए मन कसो होला ! परीक्षामा म फेल भएँ, प्रोफेसरहरू छक्क परे, तर मैले असफल हुन्छु भनेर जानिसकेको थिएँ । - ('अवश्यंभावी', पृ.७९) ।

माथिको कथांशमा पुरुषपात्रको यौनमनोविज्ञान अभिव्यक्त भएको छ । परीक्षा दिन गएको म पात्रलाई सबैले शुभकामना भन्दा सामान्य लाग्नु तर उनले अर्थात् केटी साथीले शुभकामना

दिएर जाँदा भने म पात्रको हृदयमा हुरी चल्नु, परीक्षाको कोठामा पनि ऊ पात्रले घरीघरी उनको शुभकामना दोहोऱ्याउनु अनि परीक्षापत्रमा के लेखौँ भन्ने कुरासमेत थाहा नहुनुजस्ता माथिको साक्ष्यमा दिइएका म पात्रका गतिविधिले पुरुषमनोविज्ञानलाई प्रस्तुत गरेको छ। साथै, म पात्रले आफू त्यस्तो सिल्ली रहेछु भनेर पनि त्यही दिन थाहा पाउनु, एउटी रूपवती स्वास्नीमान्छेको शुभकामनाले नै आफूलाई त्यस्तो हुन्छ भने उनीसँग घनिष्ठ सम्बन्ध भए मन कसो होला भनेर सोच्न बाध्य हुनु, यही कारणले परीक्षामा ऊ पात्र फेल हुन, एउटा सक्षम विद्यार्थी फेल भएकोमा प्रोफेसरहरू छक्क पर्नु र म पात्रलाई आफू असफल हुन्छु भनेर थाहा भइसक्नुजस्ता मानसिक र बाह्य गतिविधिले यहाँ म पात्रको मनोविज्ञानलाई प्रकटीकरण गरेको छ। यसरी मनभित्र दमित अवस्थामा रहेको यौनको विषयले मानिसलाई कस्तो असर पर्छ भन्ने कुरा देखाइएको यस अंशमा पुरुषको यौनमनोविज्ञान प्रकट भएको छ। विपरीत लिङ्गीप्रतिको आकर्षण र ऊप्रतिको प्रेमाशक्ति प्रकट हुने सन्दर्भलाई यौनकै एकप्रकारको रूप मानिनेहुँदा प्रस्तुत साक्ष्य यौनमनोविज्ञानमा आधारित छ :

> किशोरीको डराएको अनुहार मेरै स्वास्नीको जस्तो लाग्यो। ममा सृष्टिको सुरुदेखिको रिस उम्लेर फुट्यो, मैले रिसले आँखा देखिनँ। क्याम्प बनाउन थुपारेको ईँटा टिपेर त्यो अधबैँसे अधिकृतको कन्चटमा हानेँ, त्यो त्यहीँ खुत्रुक्क भयो। मैले प्रायश्चित गरेँ, संसार जितेको विजेताजस्तो लाग्यो आफैँलाई। प्रहरीले अब गोली हानेर मलाई मारिदेलान् भनेर उभिइरहेँ तर दुर्भाग्य, उनीहरूले त मलाई झ्यालखानामा ल्याएर पो थुने। तर, अब ममा आँट जागिसकेको छ, म बन्दी भएर बाँचिरहन्नँ। म झुन्डिएर मरिदिन्छु। बाँच्न इच्छा हुनेले त बाँच्न पाउँदैनन् भने म त झन् बाँच्नै चाहन्नँ यहाँ। उखेलिएका मुलाजस्ता हौँ हामी, न देश छ, न नागरिकता छ, न घर छ, न परिवार छ। - ('शरणार्थीको प्रश्न', पृ. १६३)।

माथिको साक्ष्यमा एउटा शरणार्थी पुरुषपात्रको मनोविज्ञान प्रस्तुत गरिएको छ। यहाँ प्रयुक्त पात्रको मनोदशा र अभिव्यक्तिलाई हेर्दा यहा सामान्य नभएर असामान्य मनोविज्ञान प्रस्तुत भएको छ। शरणार्थीको रूपमा क्याम्पभित्र बस्दैआएको म पात्रले कुनै किशोरीमाथि जबर्जस्ती गर्दैगरेको अधबैसे अधिकृतलाई देखेपछि ईँटा उठाएर अधिकृतको कन्चटमा हान्नु, त्यो खुत्रुक्कै ढल्नु र ऊ जेल पर्नुको घटनाक्रमसँग जोडिएर आएको असामान्य मनोविज्ञानलाई यस कथांशमा चित्रण गरिएको छ। यहाँ किशोरीको डराएको अनुहार म पात्रलाई उसकै स्वास्नीको जस्तो लाग्नु, उसमा सृष्टिको सुरुदेखिको रिस उम्लेर फुट्नु, उसले रिसले आँखा नदेख्नु, क्याम्प बनाउन थुपारेको ईँटा टिपेर त्यो अधबैँसे अधिकृतको कन्चटमा हान्नु अनि उसलाई आफूले प्रायश्चित्त गरेको र संसार जितेको विजेताजस्तो लाग्नु, प्रहरीले अब आफूलाई गोली हानेर मारिदेलान् भनेर उभिइरहनु तर उसलाई झ्यालखानामा ल्याएर थुन्नुजस्ता बाह्य घटना तथा म पात्रको मनको अवस्था र अन्तर्द्वन्द्वले पुरुषमनोविज्ञानलाई प्रस्तुत गरेको छ। साथै, प्रस्तुत साक्ष्यमा आएको 'अब ममा आँट जागिसकेको छ, म बन्दी भएर बाँचिरहन्नँ। म झुन्डिएर मरिदिन्छु। बाँच्न इच्छा हुनेले त बाँच्न पाउँदैनन् भने म त झन् बाँच्नै चाहन्नँ यहाँ।

उखेलिएका मुलाजस्ता हौँ हामी, न देश छ, न नागरिकता छ, न घर छ, न परिवार छ।' भन्ने पुरुषपात्रको अभिव्यक्तिले म पात्रमा हीनताबोध र मृत्युमूल प्रवृत्ति हावी भएको देखिन्छ। शरणार्थीका रूपमा अनागरिक भएर बस्दा निराश भएको म पात्र जेलभित्रै मर्न चाहन्छ। यस सन्दर्भले म पात्रभित्रको असमान्य मनोविज्ञान यस कथांशमा अभिव्यक्त भएको छ।

> हन यो मदेशमा कीराहरू पनि कति प्रकारका जन्मन सकेका। माखा, लामखुट्टे, माउसुली, साङ्लो, भुसुनु कति हुन् कति ? यसरी मनमनै कल्पिँदै ऊ एकतमासले सिलिङलाई हेरिरहन्छ। उसका जीवनका वितृष्णाहरू एकचोटि सारा वातावरणमा फैलिन्छ। ऊ वाक्क छ, आफ्नो सुन्दर आधुनिक बङ्गालाभित्र, दिक्क छ स्वास्नीको व्यस्ततासित, आफैँदेखि पनि ऊ अघाइसकेको छ। सबै कुरो भएर पनि केही भएन उसको, कस्तो फसाद ! - ('चर्केको छाना', पृ. १४५)।

प्रस्तुत साक्ष्यमा पुरुषपात्रको मनोविज्ञान प्रस्तुत भएको छ। मनमा गुम्सिएको बेचैनी र छटपटीलाई मनोसंवादका माध्यमबाट व्यक्त गरिएको प्रस्तुत साक्ष्यमा ऊ पात्रले मदेशमा पाइने कीराहरूप्रति असन्तुष्टि व्यक्त गर्दै मदेसमा कति प्रकारका जन्मन सकेका माखा, लामखुट्टे, माउसुली, साङ्लो, भुसुनु भन्दै आफैँसँग संवाद गर्नु, एकतमासले सिलिङलाई हेरेर संवाद गर्नु र उसका जीवनका सारा वितृष्णाहरू एकैचोटि सारा वातावरणमा फैलिनुजस्ता सन्दर्भले पुरुषपात्रका क्रियाकलापलाई देखाएको छ र यसले उसको असामान्य मनोविज्ञानलाई प्रस्तुत गरेको छ। ऊभित्र यस्तो असामान्य मनोविज्ञान पैदा हुनुमा स्वास्नीको व्यस्तता प्रमुख रहेको छ। रोजगार र समाजसेवामा लागेकी श्रीमतीसँग समय बिताउन नपाउँदाको असन्तुष्टि र श्रीमतीका अगाडि आफू बेरोजगार हुनुपर्दाको हीनताबोध पालेको ऊ आफैँसित वाक्क छ, आफ्नो सुन्दर आधुनिक बङ्गालाभित्र पनि दिक्क छ र आफैँदेखि पनि ऊ अघाइसकेको छ। यसरी सबै कुरो भएर पनि केही नभएको जस्तो महसुस गर्ने ऊ पात्रमा हीनताबोधी सोच प्रबल रहेको र ऊ असामान्य मनोविज्ञानबाट गुज्रिरहेको यथार्थलाई यस साक्ष्यमा प्रस्तुत गरिएको छ। यसरी प्रस्तुत कथासङ्ग्रहका कथामा विभिन्न किसिमका पुरुषपात्रका माध्यमबाट पुरुषमनोविज्ञान प्रकट भएको छ।

## बालमनोविज्ञान

देवकुमारी थापाका कथामा प्रयुक्त अर्को महत्वपूर्ण पक्ष बालमनोविज्ञान हो। बालबालिकाका मनको अवस्था र उनीहरूका क्रियाकलापबाट प्रकटित मनस्थितिलाई नै बालमनोविज्ञान भनिन्छ। देवकुमारी थापाका केही कथाहरू बालबालिकाहरूलाई मुख्य पात्र बनाएर लेखिएका छन्। बालबालिकाकेन्द्री यस्ता कथामा कुनै दृश्य वा घटनाले बालबालिकाको मनमा परेका प्रभाव र मनको अवस्थालाई चित्रण गरिएको छ। खासगरी घरका अभिभावक र आफूभन्दा ठूलामान्छेले गर्ने व्यवहार र उनीहरूका गतिविधिहरूले बालमनोविज्ञानमा महत्वपूर्ण असर पार्दछ भन्ने कुरा उनका केही कथामा प्रस्तुत गरिएको छ। बालबालिकाको मनोविज्ञानले उनीहरूको भविष्य र गन्तव्यको निर्धारण गर्नेभएकाले हरेक अभिभावकले बालमनोविज्ञान

बुझ्नुपर्ने र उनीहरूका संवेदना र प्रतिभाको पहिचान गरी त्यहीअनुरूपको वातावरण दिनुपर्ने आशय कथाहरूमा व्यक्त गरिएको छ। बालमनोविज्ञानको प्रयोग गरिएका केही कथाका साक्ष्यहरू यसप्रकार छन् :

> प्रेमा सुँक्कसुँक्क गर्दै आमालाई भन्न लागी "आमा मलाई नयाँ साडी चाहिँदैन, यही पहेँलो सारी चाहिन्छ। आज फूलबारीमा कुमार दाइले मलाई चकलेट पनि दिनुभएन, प्यारो पनि गर्नुभएन। दिदीलाई चाहिँ पहेँलो सारीले राम्रो देखिन्छ्यौ, तस्बिर खिचिदिन्छु भन्नुभयो।" ऊ फेरि मन दुखाउँदै रुन लागी। - ('रहर', पृ.५०)।

प्रस्तुत कथांशमा बालमनोविज्ञानको राम्रो प्रयोग भएको छ। यहाँ प्रेमा नामकी एउटी बालिकाले मन दुखाएर रुनुका पछाडि लुकेको मनोविज्ञानलाई देखाइएको छ। उसले आफूलाई नयाँ साडी होइन, दिदीले लगाएको यही पहेँलो सारी चाहिन्छ भन्दै जिद्दी गरेकी छ। यसरी जिद्दी गर्नुमा फूलबारीमा भेटिएका कुमार दाइले आफूलाई चकलेट पनि नदिएको, माया पनि नगरेको तर दिदीलाई भने माया गरेको अनि पहेँलो सारीले राम्रो देखिन्छ्यौ, तस्बिर खिचिदिन्छु भनेको कुराले उसको मनमा पारेको प्रभावलाई देखाइएको छ। दिदीले लगाएको पहेँलो सारी आफूले लगाएमा कुमारदाइले दिदीलाईजस्तै आफूलाई पनि माया गर्ने, फोटो खिचिदिने गर्नुहुन्छ भन्ने विश्वास परेकी बालपात्र प्रेमाको बालमनोविज्ञान यसरी व्यक्त भएको छ। बालबालिकालाई आफूलाई पनि कसैले ठूला मानिसलाई जस्तै महत्व देओस्, माया गरोस् भन्ने लाग्छ र उनीहरू ठूलामान्छेको अनुकरण गरी त्यो प्राप्त गर्न चाहन्छन् भन्ने मनोविज्ञान यस साक्ष्यमा व्यक्त भएको छ। यस्तै बालमनोविज्ञानको सन्दर्भ आएको अर्को साक्ष्य यसप्रकार छ :

> आमा आजदेखि मैले बन्दुक फालिदिएँ है। पछि म ठूलो भएर जर्मनी जान्छु। जर्मनहरूलाई साथी बनाउँछु र उनीहरूले जस्तै रोगीलाई निको पार्ने औषधिहरू बनाउँछु। छोरोको कुरा सुनेर पार्वतीको कण्ठ भरिएर आयो। - (भविष्य निर्माण', पृ. १९२)।

प्रस्तुत कथांशमा बालमनोविज्ञानको सन्दर्भ आएको छ। विश्वयुद्धले सम्पूर्ण विश्वसमुदायमा पारेको असरलाई चित्रण गरिएको यस कथाको माथिको अंशमा त्यस विश्वयुद्धले पारेको मानसिक असर एउटा पाँचवर्षको बालक नरेशमा कसरी परेकोछ भन्ने कुरा देखाइएको छ। युद्धको सिपाहीका रूपमा कप्तान बनेर युद्धबाट फर्किएको आफ्नो बाबुको पाखुराको लामो दाग जर्मनहरूले हानेको बन्दुकले बनाएको थाहा पाएपछि नरेशका मनमा जर्मनहरूप्रति नकारात्मक प्रभाव पर्छ र ऊ काठको बन्दुकआकारको लौरोले जर्मनहरूलाई मारेको अभिनय गर्छ। यो देखेर आमाले जर्मनहरू खराब हुँदैनन्, उनीहरू सहयोगी हुन्छन् सहयोग गर्छन्, तिम्रो बाबाको हातको चोट पनि तिनै जर्मनहरूले बनाएको औषधिले ठीक भएको हो नि भनेर सम्झाउँछिन्। आमाको कुरा सुन्नेबित्तिकै फेरि नरेशका मनमा एकाएक जर्मनहरूप्रति सम्मान भाव जाग्छ। उसले आजदेखि आफूले बन्दुक फालिदिएको र आफू ठूलो भएपछि जर्मनी जाने, जर्मनहरूलाई साथी बनाउने र उनीहरूले जस्तै रोगीलाई निको पार्ने औषधिहरू बनाउने कुरा

सुनाउँछ । यसरी जर्मनहरूप्रति नकारात्मक भाव बोकेको छोरोको मनस्थिति सकारात्मक भएको देख्दा नरेशकी आमा भावुक भएको सन्दर्भ देखाइएको यस साक्ष्यमा नरेशका बालगतिविधि र उसको मनको अवस्थाका माध्यमबाट बालमनोविज्ञान प्रस्तुत गरिएको छ । बालमनोविज्ञानको प्रयोग गरिएको यस्तै अर्को कथांश यसप्रकार छ :

> सबैको आफ्नो हिरो हुन्छ । उदयको पनि आफ्नै हिरो थियो, उसको बाबा प्रकाश । उसको बाबाजस्तो मानिस आठवर्षको उदयको विश्वमा कोही थिएन । बाबाभन्दा ऊ भुतुक्क हुन्थ्यो । बाबुको हिँडाइ, बाबुको बोलाई, बाबुको जे पनि उसलाई मन पर्थ्यो । कहिले ठूलो भएर बाबाजस्तै डाक्टरसाहेब हुने यही उसको चिन्ता थियो । डाक्टर हुनलाई अङ्क राम्ररी जान्नुपर्छ भनेर उसले सुनेको थियो । त्यसैले बीससम्मको गन्ती उसलाई मुखस्थ थियो । अरू पाठ नहेरे पनि हिसाब ऊ दिनहुँ गर्थ्यो । उसको जम्मै आशा त्यो अङ्कमा नै अङ्कित भएको थियो । - (बाबाजस्तै', पृ. ४ ।)

प्रस्तुत साक्ष्यमा आफ्नै बाबालाई संसारकै सबैभन्दा राम्रो हिरो मान्ने आठवर्षको उदय नामको बालपात्रको मनोविज्ञान प्रस्तुत गरिएको छ । बाबाभन्दा भुतुक्क हुने उदयलाई आफ्नो बाबुको हिँडाइ, बोली जे पनि मन पर्नु, कहिले ठूलो भएर बाबाजस्तै डाक्टरसाहेब हुने भन्ने कुरामा चिन्ता र चासो दिनेजस्ता सन्दर्भले बालमनोविज्ञानमा बाबाको व्यक्तित्वले पारेको गहिरो प्रभावलाई देखाएका छन् । आफ्नो बाबाजस्तै डाक्टर हुनलाई अङ्क राम्ररी जान्नुपर्छ भनेको सुनेर उसले बीससम्मको गन्ती मुखस्थ पार्नु र अरु पाठ नहेरे पनि हिसाब दिनहुँ गर्नुले बाबाको व्यक्तित्व र बाबाजस्तै बन्नुपर्छ भन्ने उच्च मनोबललाई देखाएको छ । यसरी बालबालिकामा कुनै कुराको प्रभाव पऱ्यो भने त्यो निकै गहिरो रूपमा पर्छ भन्ने कुरा देखाई बालमनोविज्ञान प्रस्तुत गरिएको प्रस्तुत कथांश बालमनोविज्ञानका दृष्टिले निकै प्रभावी देखिन्छ ।

## निष्कर्ष

देवकुमारी थापा मनोवैज्ञानिक यथार्थवादी तथा सामाजिक यथार्थवादी धारा र प्रवृत्तिमा रहेर लेख्ने कथाकार हुन् । उनको *देवकुमारी थापाका कथाहरू* शीर्षकको यस कथासङ्ग्रहका कथाहरूमा अन्तर्वस्तुगत विविधता पाइन्छ । प्रस्तुत कृतिका कथामा फरकफरक विषयलाई कथाको आधारभूमि बनाइएको भए पनि यस कृतिका कथाहरू मूलतः सामाजिक यथार्थवादी धारा र मनोवैज्ञानिक यथार्थवादी धारा गरी दुई धारामा सम्बद्ध भई लेखिएका छन् । मनोवैज्ञानिक यथार्थवादी धारामा लेखिएका उनको यस कृतिभित्रका कथाहरू प्रवृत्तिगत दृष्टिले विधितामय छन् । उनका यी कथाहरूमध्ये कतिपय कथामा मनोविज्ञान मूल विषय बनेर आएको छ भने कुनै कथामा सामान्य सन्दर्भका रूपमा पनि प्रस्तुत भएको छ । खास गरी देवकुमारी थापाका विश्लेषित कथाहरूमा मान्छेको समग्र मनोवैज्ञानिक पक्षलाई भन्दा पनि नारीहरूको मनोविज्ञान, पुरुषहरूको मनोविज्ञान र बालबालिकाको मनोविज्ञान गरी यी मनोविज्ञानका विविध पक्षहरूलाई सूक्ष्म रूपमा स्पष्ट पारिएको छ । नारी, पुरुष र बालबालिकाको मनोविज्ञान उनीहरू बाँचेको परिवार, समाज, भूगोल, सामाजिक मूल्यमान्यता आदिबाट नै निर्माण हुन्छ । परिवेश र परिस्थितिले मनको अवस्थामा प्रभाव पार्ने र त्यसले

मानवीय जीवनलाई नै प्रभावित बनाउने कुरा यस सङ्ग्रहका मनोविज्ञानपरक कथाहरूमा प्रभावकारी रूपमा प्रस्तुत भएको देखिन्छ। विश्लेष्य कृतिमा रहेका नारीमनोविज्ञानमा आधारित कथाहरू नारीका इर्ष्या, शङ्कालु प्रवृत्ति, कुण्ठा, जीवनमुखी र मृत्युमुखी प्रवृत्ति, नारीको अचेतन मनमा सुषुप्त रहेका यौनेच्छाजस्ता मूलविषयमा केन्द्रित छन्। त्यसरी नै पुरुषमनोविज्ञानमा आधारित कथाहरू सन्तान-स्नेहको पुरुषअनुभूति, उत्तरदायित्वमा दृढता, जिम्मेवारी, पुरुषपात्रको यौनमनोविज्ञान, बेरोजगार हुनुपर्दाको हीनताबोध आदि मूलविषमा केन्द्रित छन्। बालमनोविज्ञानमा आधारित कथाहरू ठूलामान्छेको अनुकरण गरी इच्छित कुरा प्राप्त गर्ने चाहना, नकारात्मक भावबाट सकारात्मकतातिरको सोचाइ, बालबालिकामा कुनै प्रभाव निकै गहिरोगरी रहने सन्दर्भ आदि मूलविषमा केन्द्रित छन्। त्यसकारण माथि प्रस्तुत गरिएका कथांशहरूको व्याख्या र विश्लेषणले देवकुमारी थापाका कथाहरू मनोविश्लेषणात्मक दृष्टिले पनि अब्बल र पठनीय छन् भन्ने कुरा पुष्टि गरेको छ। नारी, पुरुष र बालबालिकाका चरित्र व्यवहार आदिका माध्यमबाट तिनका मनोवैज्ञानिक पक्षका विविध आयाम र सूक्ष्मताको अध्ययन गर्न सकिन्छ भन्ने कुरा यस अध्ययनबाट प्राप्त हुन्छ।

## सन्दर्भसामग्री सूची


गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

त्रिपाठी, वासुदेव, (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग दुई,* तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

थापा, देवकुमारी (२०७९), *देवकुमारी थापाका कथाहरू,* सम्पा. प्रमोद प्रधान, विराटनर : देवकुमारी थापा प्रतिष्ठान।

घर्ती, दुर्गाबहादुर, (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन।

भण्डारी, कृष्णप्रसाद (२०५८), *फ्रायड र मनोविश्लेषण,* ललितपुर : साझा प्रकाशन।

भण्डारी, कृष्णप्रसाद (२०४५), *मानसिक अन्तर्द्वन्द्व र कुण्ठा,* काठमाडौँ : साझा प्रकाशन।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

Brown, J.F. (1940), The Psychodynamics of Abnormal Behaviour, उद्धृत, घर्ती, दुर्गाबहादुर, (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन।

Freud, Sigmund (2018),*The ego and id*, retrived from http://ebookcentral.proquest.com/lib/jacob/ created from Jacob on 2019-08-08.